अनुसूची- २

(दफा ४तथा अनसूची-१को भाग-१ सँगसम्बन्धित)

ग्रामथान गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः : १० फाल्गुण २०७७ (संख्या १७)

**छात्रासंग उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि २०७७**

**भाग-२**

**ग्रामथान गाउँपालिका**

# छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

<u>प्रस्तावना</u>

नेपालको संविधान, २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा समावेश गरेको छ । जसमा महिलाको हकलाई पनि मौलिक हकको रुपमा समावेश गरिएको छ । संविधानले वालवालिकाको हकलाई पनि मौलिक हकको रुपमा समावेश गरेको छ । संविधानमा व्यवस्था भएका मौलिक हकहरुको कार्यान्वयनका लागि ग्रामथान गाँउपालिकाले शिक्षा ऐन, २०७७ जारी गरिसकेको छ । यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका कक्षा ६-१२ अध्ययनरत छात्राहरुको लैंगिक समस्या, यौनजन्य हिंसा, सिकाइका मनौवैज्ञानिक समस्याहरुको समाधानमा परामर्श र सहजीकरण गर्न विद्यालयको अनुगमन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार सहित समग्र शैक्षिक स्तर सुधार गर्ने उद्देश्यले गाउँकार्यपालिको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७७ को दफा ४९ (१) को व्यवस्था अनुसार छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन  कार्यविधि, २०७७ वनाई लागु गरिएको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “ छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ रहनेछ ।

(२)  यो कार्यविधि ग्रामथान गाँउकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ ।

(३) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा  यस कार्यविधिमा-

(१ ‘कार्यपालिका’ भन्नाले. ग्रामथान गाउँपालिका सम्झनु पर्दछ ।

(२) ‘अध्यक्ष’ भन्नाले . ग्रामथान गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

(३) ‘उपाध्यक्ष’ भन्नाले ग्रामथान गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ ।

(४) ‘प्रमुख प्रशासकीय अधिकृत’ भन्नाले ग्रामथान गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(५) ‘शिक्षा अधिकृत’ भन्नाले ग्रामथान गाउँपालिकाका शिक्षा अधिकृत सम्झनुपर्दछ ।

(६) ‘स्रोत व्यक्ति’ भन्नाले ग्रामथान गाउँपालिकाका  शिक्षा शाखामा कार्यरत स्रोत व्यक्ति सम्झनुपर्दछ ।

७) ‘गाँउ शिक्षा समिति’ भन्नाले ग्रामथान गाउँपालिकाका ा को गाँउशिक्षा समिति समितिलाई सम्झनुपर्दछ ।

(८)  ‘शिक्षा शाखा’ भन्नाले ग्रामथान गाउँपालिकाको शिक्षा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

(९) ‘विद्यालय’ भन्नाले सामुदायिक तथा संस्थागत विद्यालय सम्झनुपर्दछ ।

(१०) 'व्यवस्थापन समिति' भन्नाले विधिवत रुपमा गठित अध्यक्ष, सदस्य र प्र.अ. समेत रहेको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(११) 'प्रधानाध्यापक' भन्नाले विद्यालयका प्रधानाध्यापक वा प्रीन्सिपललाई सम्झनु पर्दछ ।

(१२) 'शिक्षक' भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ ।

(१३) 'छात्रा' भन्नाले संस्थागत र सामुदायिक दुवैखाले विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत किशोर अवस्थाका छात्रा सम्झनु पर्दछ ।

**२.लक्ष्यहरु:** यस कार्यक्रमको सञ्चालनले छात्राहरुका यौनजन्य एवम् मनोवैज्ञानिक समस्याहरु समाधान भई विद्यालयको सिकाइ वातावरण सहज हुने र शिक्षण सिकाइमा सुधार भई सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुने लक्ष्य राखिएको छ ।

**३. उद्देश्य:** यस कार्यक्रमको सञ्चालन पश्चात छात्राहरुमा हुने यौनजन्य हिंसा तथा अन्य कारणबाट हुने मनोवैज्ञानिक समस्याहरु समाधान भई सिकाइ उपलब्धिमा वृद्धि हुनेछ । यसका साथै :

(१) छात्रा तथा किशोरीहरुको समस्याहरु पत्ता लगाउने ।

(२) छात्रा तथा किशोरीहरुको समस्याहरु समाधानका लागि मनोवैज्ञानिक परामर्श दिने ।

(३) विद्यालयको शिक्षण सिकाइ क्रियाकालापमा सुधार गर्ने ।

(४) विद्यालय निरीक्षण तथा अनुगमन पश्चात कमीकमजोरीहरु पत्ता लगाइ सुधारका लागि प्रयत्न गर्ने ।

(५) विद्यालयको शिक्षण सिकाइ तथा भौतिक पक्षको सुधारको योजना वनाई कार्यान्वयन गर्न प्रयत्न गर्ने ।

**४. छात्रासँग उपाध्यक्ष कार्यक्रम कार्यान्वयन प्रकृया:**

(१) लक्षित वर्गका छात्राहरुका समस्याहरुका विषयमा छलफल गरी सम्वोधन गर्ने ।

(२) विद्यालयको शिक्षण सिकाइ लगायत समग्र शैक्षिक स्थितिको अनुगमत तथा निरीक्षण गर्ने ।

(३) विद्यालयका कक्षाकोठाहरुको, शौचालय तथा अन्य भौतिक संरचनाको अनुगमन निरीक्षण गरी छात्रामैत्री नभएमा सुधारका लागि तत्काल सुझाव दिने ।

(४) शिक्षक, विद्यार्थीहरु, विशेषगरी छात्राहरुका समस्याहरु वुझी सुधारका लागि गाँउपालिकामा प्रतिवेदन पेश गर्ने

(५) प्रतिवेदनमा दिएका सुझावहरु लागू गरी शैक्षिक सुधार गर्ने ।

(९) छात्राहरुहरुलाई वालअधिकारको जनचेतना अभिवृद्धि गर्ने ।

**५. कार्यसञ्चालन गर्ने जिम्मेवारी:** छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनको मुख्य जिम्मेवारी यस ग्रामथान गाउँपालिकाका उपाध्यक्षको हुनेछ ।

**६. कार्यसञ्चालन गर्ने विधि:** छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनका मुख्य विधिहरु निम्नछन् :

(१) **विद्यालय तथा कक्षाहरुको प्रत्यक्ष अवलोकनः** छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्दा उपाध्यक्ष, शिक्षा अधिकृत, स्रोत व्यक्ति र महिला मनोपरामर्शकर्ता/महिला तथा वालवालिका शाखा प्रमुख मार्फत सम्वन्धित विद्यालय तथा कक्षाहरुको प्रत्यक्ष अवलोकन गरीनेछ ।

(२) **अन्तरक्रिया तथा छलफलः** छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्दा उपाध्यक्ष र एकजना महिला सहयोगी वा महिला मनोपरामर्श कर्ता मार्फत छात्राहरुसँग उनीहरुका समस्याहरुका विषयमा प्रत्यक्ष छलफल तथा अन्तक्रिया गरिनेछ । अन्तक्रिया गर्दा सम्वन्धित विद्यालयका छात्राहरुलाई छुट्टै राखी समस्याहरु मौखिक वा लिखित रुपमा संकलन गरिनेछ । संकलित समस्याहरु अनुसूचि १ र २ वमोजिमको ढाँचामा प्रतिवेदनको रुपमा गाँउपालिकामा पेश गरीनेछ ।

**७. विद्यालयलको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण** : छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनका गर्दा उपाध्यक्ष, शिक्षा अधिकृत र स्रोत व्यक्ति मार्फत व्यक्तिगत तथा सामूहिक रुपमा सम्वन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरण सरसफाई लगाएत विद्यालयको समग्र पक्षको तथा कक्षाहरुको प्रत्यक्ष अवलोकन गरीनेछ । सो को प्रतिवेदन शिक्षा शाखा मार्फत गाँउपालिकामा पेश गर्नुपर्दछ ।

**८ विद्यालयले सहयोग गर्नुपर्ने**

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनका लागि उपाध्यक्षले निर्देशन गरे अनुसार विद्यालयले छात्राहरुलाई छुट्टा छुट्टै राख्ने व्यवस्था मिलाई अन्तरक्रियका लागि सहयोग गर्नु पर्नेछ ।

**९. निर्देशन तथा समन्वय**

छात्रासँग उपाध्यक्ष कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यक निर्देशन तथा समन्वय अध्यक्षले गर्नुपर्नेछ । निर्देशन तथा समन्वयका लागि आवश्यक सूचना, कार्यक्रम सम्वन्धि अन्य सहयोग प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत र स्रोत व्यक्तिले गर्नु पर्नेछ ।

**१०. गोपनीयता सम्वन्धि व्यवस्था**

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनको क्रममा भएका छलफल अन्तरक्रिया कुराकानी तथा सूचनाहरु पूर्णतया गोप्य रहनेछन् । छलफल तथा अन्तरक्रियामा दिइएका सूचना तथा जानकारीका आधारमा सम्वन्धित सुधारउन्मुख सुझाव वा निर्देशन दिइनेछ । उक्त सुझाव सम्वन्धित पक्षले कार्यान्वयन गर्नु पर्नेछ ।

**११. कार्यक्रम पछिको अवस्था विश्लेषणः**

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन पछि ग्रामथान गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष, शिक्षा अधिकृत, स्रोत व्यक्तिको र महिला मनोपरामर्श कर्ता/महिला तथा बालबालिका शाखा प्रमुखको प्रत्यक्ष संलग्नतामा छात्राहरुले भोग्नुपरेका मनोवैज्ञानिक समस्या, यौन हिंसा तथा सम्वन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकालप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरण सरसफाई लगायत विद्यालयको समग्र पक्षको तथा कक्षाहरुको  गहन विश्लेषण र छलफल पछि सम्वन्धित समस्याहरुका सुधारका व्यवहारिक उपायहरु सुझाउने प्रयत्न गरिनेछ ।

**१२. सम्वन्धित विद्यालयलाई निर्देशन दिनेः**

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनका पछि ग्रामथान गाँउपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, स्रोत व्यक्ति, महिला मनोपरामर्श कर्ता/ महिला तथा वालवालिका शाखा प्रमुखको प्रत्यक्ष संलग्नतामा गाँउपालिका कार्यालयमा छात्राहरुले भोग्नुपरेका मनोवैज्ञानिक समस्या, यौन हिंसा तथा सम्वन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरण सरसफाई लगायत विद्यालयको समग्र पक्षको तथा कक्षाहरुको  गहन विश्लेषण, छलफल पछि सम्वन्धित समस्याहरुका सुधारका व्यवहारिक उपायहरु अपनाउन सम्वन्धित विद्यालयलाई आवश्यक निर्देशन दिइनेछ ।

**१३. निर्देशन लागु भए नभएको पुनः अनुगमन गर्ने**

(१) छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन पछि ग्रामथान गाँउपालिका उपाध्यक्ष, शिक्षा अधिकृत र स्रोत व्यक्ति, महिला मनोपरामर्श कर्ता/महिला तथा वालवालिका शाखा प्रमुख मार्फत प्रत्यक्ष  रुपमा सम्वन्धित विद्यालयका छात्राहरुले भोग्नुपरेका मनोवैज्ञानिक समस्या, यौन हिंसा तथा सम्वन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरण सरसफाई लगायत विद्यालयको समग्र पक्षको सुधारका व्यवहारिक उपायहरु अपनाएको नअपनाएको संवन्धमा पुनः विद्यालयको अनुगमन तथा सुपरीवेक्षण निरन्तर गरिनेछ ।

(२) निर्देशन दिनु अघि सम्वन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष सँग आवश्यक छलफल गरिनेछ ।

**१४. विविध**

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्दा उपाध्यक्ष, शिक्षा अधिकृत, स्रोत व्यक्ति र महिला मनोपरामर्श कर्ता/ महिला तथा वालवालिका शाखा प्रमुखलाई  कार्यपाललिकाको निर्णय अनुसार खाजा खर्च तथा सहभागी छात्राहरुलाई चिया खाजा उपलव्ध गराउन सकिनेछ ।

अनुसूची १

विद्यालयगत स्थलगत अनुगमन प्रतिवेदन

१. विद्यालयको विवरण

१.१ विद्यालयको नाम, ठेगाना श्री ......................................................................

१.२ प्रधानाध्यापकको नाम :.......................................................सम्पर्क नं.....................................

१.३ विद्यालयमा सञ्चालित कक्षा :.....................जम्मा विद्यार्थी संख्याः छात्र................छात्रा................

१.४ शिक्षक संख्या...........................महिला शिक्षक संख्या........................

१.५ छात्रा शौचालय संख्या : ................

२. अनुगमन मिति : ................................................समय अवधिः ..............बजेदेखि..................सम्म

३. अनुगमनको उद्धेशय :

(१) छात्रा तथा किशोरीहरुले विद्यालयमा भोग्नु परेका समस्याहरु पत्ता लगाउने ।

(२) छात्रा तथा किशोरीहरुको समस्याहरु समाधानका लागि मनोवैज्ञानिक परामर्श दिने ।

(३) विद्यालयको शिक्षण सिकाइ वातावरण सुधार गर्ने ।

(४) विद्यालय समग्र पक्षको निरीक्षण तथा अनुगमन पश्चात कमीकमजोरीहरु पत्ता लगाइ सुधारका लागि प्रयत्न गर्ने ।

(५) छात्राहरुका समस्याका कारक (पिडक) पक्ष पत्ता लगाई आवश्यक संबाद र समन्वय गर्ने

(६) विद्यालयको शिक्षण सिकाइ तथा भौतिक पक्षको सुधारको योजना वनाई कार्यान्वयन प्रयत्न गर्ने ।

४. कार्यक्रमको विवरण : विद्यालयमा छात्राहरुले भोग्नु परिरहेका आन्तरिक समस्याहरु पहिचान गरी समाधानका उपाय खोजी गर्नुका साथै सहज सिकाइ वातावरण निर्माणका लागि विद्यालयको समग्र पक्षको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

५. अन्तरक्रिया/छलफल सम्वन्धि विवरण

५.१ अन्तरक्रियामा संलग्न पदाधिकारीहरु

(क)

(ख)

(ग)

(घ)

५.२. सहभागी छात्राको विवरण

(क) कूल सहभागी छात्रा संख्या..............................(ख) छात्राहरुको अध्ययनरत कक्षा ........देखि........सम्म

(ख) अन्तरक्रिया सम्वन्धमा सहभागी छात्राहरुको प्रतिक्रियाः उपयुक्त (...) ठीकै (....) अन्यः...................

५.३. सहभागी वि.व्य.स. ⁄ प्र.अ. ⁄ शिक्षक संख्या :.........................................................................

५.४ अन्तरक्रिया सम्वन्धमा प्र.अ. ⁄ शिक्षकहरुको दृष्टिकोण

(क).............................................................................................................

(ख)................................................................................................................

(ग)...............................................................................................................

६. पहिचान गरिएका (छात्राहरुका) मुख्य मुख्य समस्याहरु

....................................................................................................................

..................................................................................................................

....................................................................................................................

७. मुख्य समस्याको प्रकृति (रेजा लगाउने)

७.१ व्यक्तिगत समस्याको कारक

(क) यौनजन्य हिंसा (ख) मादक पदार्थ सेवन (ग) लागु औषद दुर्व्यसन

(घ) सुर्तिजन्य पदार्थ सेवन (ङ) सेनिटरी प्याड व्यवस्थापन (च) छात्रा मैत्री शौचालय

(छ) शिक्षकको व्यवहार (ज) साथीहरुको व्यवहार (झ) सामाजिक संजालको दुरुपयोग

(ञ) समय व्यवस्थापन (ट) मोवायल फोनको प्रयोग

७.२ शिक्षक र शिक्षण सिकाइसँग सम्वन्धित समस्याहरुः

(क) शिक्षकको समय व्यवस्थापनः (अ) कक्षामा ढिला गरी आउने (आ) पुरा समय कक्षामा नवस्ने

(इ) नियमित रुपमा कक्षामा नआउने

(ख) गृहकार्य नदिने

(ग) गृहकार्य दिने तर परीक्षण नगर्ने

(घ) गाली गलौज (वुलिङ) गर्ने

(ङ) मानसिक यातना दिने

(च) शारिरीक यातना दिने

(छ) अतिरिक्त क्रियाकलापमा सहभागितामा भेदभाव

८. समस्याको पहिचान पश्चात समाधानका लागि स्थलगतरुपमा गरिएका प्रयासहरु

..........................................................................................................................................................................

..........................................................................................................................................................................

..........................................................................................................................................................................

..........................................................................................................................................................................

.......................................................................................................................................................................

९. पहिचान गरिएका समस्याहरुको दीर्घकालिन समाधानका लागि सुझाव

..........................................................................................................................................................................

..........................................................................................................................................................................

..........................................................................................................................................................................

.................................................................................... ......................................................................

पहिचान गरिएका समस्याहरुका पिडित पक्षको व्यक्तिगत गोपनियता कायम गर्नका लागि सो सँग सम्वन्धित विवरण छुट्टै संलग्न गरिएको छ ।

मिति : २०७७/

अनुसूची २

छात्रासँग उपाध्यक्ष कार्यक्रम

अनुगनमबाट प्राप्त छात्राहरुका समस्याहरुको समष्ठिगत विवरण

| क.सं. | स्थलगत अनुगमनबाट प्राप्त छात्राहरुका समस्याहरु | कारक तत्व/पीडक | समाधानका लागि स्थलगत रुपमा गरिएको प्रयास | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुगमन अवधिः

अनुगमनमा अपनाइएका प्रमुख विधिहरुः.............................................................................................

प्रमुख समस्याको दीर्घकालिन समाधानका लागि सुझाव..............................................

...........................................................................................................................................................................

...............................................................................................

अनुगमनमा संलग्न व्यक्तिहरु

(१)

(२)

आज्ञाले
पुण्य प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत